त्रिभुवन विश्वविद्यालय

महेन्द्र बहुमुखी क्याम्पस

(क्याम्पस प्रमुखको कार्यालय)

नेपालगन्ज, बाँके

पत्र संख्या :- २०८१/०८२

चलानी नम्बर :-

मिति :- २०८१/०५/१२

एलएल.बी. तह (२०७९/०८० समूह) प्रथम वर्षमा भर्ना सम्बन्धी सूचना ।

त्रि.वि. कानून संकायको मिति २०८१/०५/११ गतेको प्राप्त पत्रानुसार त्रि.वि. कानून संकायद्धारा एलएल.बी. तह (२०७९/०८० समूह) प्रथम वर्षमा भर्नाका लागि मिति २०८१/०३/२२ गते सञ्चालित प्रवेश परीक्षाको मिति २०८१/०४/२० गते प्रकाशित नतिजा उपर प्राप्त निवेदनहरु सम्बन्धमा छानविन गर्न बसेको प्रवेश परीक्षा समितिको मिति २०८१/०५/०९ गतेको बैठकको निर्णय अनुसार अन्तिम नतिजा प्रकाशित भएकोमा यस क्याम्पसमा उक्त तहमा अध्ययन गर्नका लागि प्रवेश परीक्षामा सामेल भई अन्तिम नतिजाको योग्यताक्रम (Merit list) मा रहेका विद्यार्थीहरुले यस क्याम्पसमा समावेशी कोटा सहित ३०० (तीन सय) स्थानमा तपसिल बमोजिम हुने गरी भर्ना हुन सम्बन्धित विद्यार्थीहरुलाई सूचित गरिन्छ । उक्त नतिजाको सि.नं. १ देखि २९८ सम्मका योग्यताक्रम (Merit list) अनुसारका परीक्षार्थीहरु, सि.नं. ०१, ४२, १६२ का आदिवासी जनजाति परीक्षार्थी, १४९ का पिछडिएको दुर्गम क्षेत्रका परीक्षार्थी, २५१ का महिला परीक्षार्थी, ४१६ का दलित परीक्षार्थी र ४२० का थारु परीक्षार्थीहरुले क्याम्पसबाट उपलब्ध भर्ना फाराम प्राप्त गरी भर्ना हुन सूचित गरिन्छ । योग्यताक्रम (Merit list) बमोजिम भर्नाका लागि छनौट भएका परीक्षार्थीहरुले तोकिएको मिति र समय भित्रमा भर्ना नगरी कुनै स्थान रिक्त हुन आएमा रिक्त स्थानका लागि योग्यताक्रम (Merit list) मा रहेका अन्य परीक्षार्थीहरुलाई भर्नाका लागि पछि सूचना प्रकाशित गरिने छ । त्रि.वि. कानून संकायद्धारा प्रकाशित प्रवेश परीक्षाको अन्तिम योग्यताक्रम क्याम्पसको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

तपसिल

१.	भर्ना मिति :	मिति २०८१ भाद्र १३ गतेदेखि २०८१ भाद्र २७ गतेसम्म ।
२.	भर्ना समय :	कार्यालय समय,
३.	भर्ना शुल्क :	११,२५०।-
४.	रकम जम्मा गर्नु पर्ने बैंक	नेपाल बैंक लिमिटेडको जुनसुकै शाखाहरु,
५.	खाता नं.	००४००१००१९९२६८०००००१, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज,
६.	संलग्न गर्नु पर्ने कागजात • शैक्षिक प्रमाणपत्र एस.एल.सी. देखि स्नातक तह उर्त्तीण गरेको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्रको (अन्य विश्वविद्यालयको हकमा नोटरी पब्लिक) प्रमाणित छाँयाप्रति १/१ प्रति, • नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित छाँयाप्रति १ प्रति, • हालसालै खिचिएको ५ प्रति पासपोर्ट साइजको फोटो, • नेपाल बैंक लिमिटेडमा रकम जम्मा गरेको सक्कल बैंक भौचर, • त्रि.वि. बाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक गर्नेहरुको हकमा सम्बन्धित विश्वविद्यालय/शिक्षण संस्थाले प्रदान गरेको सक्कल माइग्रेसन प्रमाण-पत्र र समकक्षता (Equivalent) खुल्ने कागजातको प्रमाणित छायाँप्रति अनिवार्य रुपमा पेस गर्नु पर्नेछ ।	

Email ID :mmcnepalgunj@gmail.com Ph. 081-520278 Fax : 081-528041

क्याम्पस प्रमुख
महेन्द्र बहुमुखी क्याम्पस
नेपालगन्ज

त्रिभुवन विश्वविद्यालय
महेन्द्र बहुमुखी क्याम्पस
(क्याम्पस प्रमुखको कार्यालय)
नेपालगन्ज, बाँके

पत्र संख्या :- २०८१/०८२
चलानी नम्बर :-

मिति :- २०८१/०५/१२

	• भर्ना सम्बन्धी अन्य आवश्यक जानकारी शैक्षिक तथा परीक्षा शाखाबाट प्राप्त गर्न सकिनेछ ।
६.	पोशाक : यस क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीहरुले क्याम्पसले तोकेको निर्धारित पोशाक अनिवार्य रुपमा लगाउनु पर्नेछ ।
पुनश्चः प्रकाशित सूचना बमोजिम भर्नाका लागि छनौट भएका परीक्षार्थीहरुले तोकिएको मिति र समय भित्रमा भर्ना नगरेमा कुनै उजुर लाग्ने छैन ।	

डा.लालमणि आचार्य
(क्याम्पस प्रमुख)

क्याम्पस प्रमुख
महेन्द्र बहुमुखी क्याम्पस
नेपालगञ्ज

बोधार्थ

१. श्री लेखा शाखा, म.ब.क्या., ने.गं. ।
२. श्री शैक्षिक तथा परीक्षा शाखा, म.ब.क्या., ने.गं. ।

Email ID :mmcnepalgunj@gmail.com Ph. 081-520278 Fax : 081-528041